१. पृष्ठभूमि

नेपालको सहकारी आन्दोलनले आधा शताव्दी पार गरिसकेको छ । खास गरी २०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भए पश्चात सहकारी आन्दोलनलाई स्वस्फूर्त ढंगबाट सञ्चालन गर्ने विभिन्न प्रयासहरू भए । यस क्रममा नीतिगत, कानूनी र प्रक्रियागत क्षेत्रमा सामयिक सुधार गरी सहकारी प्रणलीमा जीवन्तता दिने कार्यहरू छन् ।

सहकारी ऐन, २०४८ को कार्यान्वयन पश्चात् सहकारी संघ/संस्थाले पूर्व स्वायत्तताको उपभोग गरेको तथ्यलाई नकार्न सकिंदैन । अब उप्रान्त सहकारिताको विकासका निमित्त नेपाल सरकारको भूमिका प्रर्वद्धनात्मक र सहयोगी रहनेछ । सहकारी आन्दोलनलाई स्वस्फूर्त र सहभागितामूलक ढंगले अगाडि बढाउने सिलसिलामा सहकारीकर्मीहरूको क्षमता र सचेततामा अभिवृद्धि गर्ने प्रयासले सहकारी आन्दोलनलाई सकारात्मक दिशा दिनसक्ने निश्चित छ । सहकारी संस्थामा रहेको यो स्वायत्तताको अवसरलाई सदस्यहरूको हितका निमित्त प्रयोग गर्न र सदस्यहरूको जागरुकताको स्तर अभिवृद्धि गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल तुल्याई सहकारिताका माध्यमबाट ग्रामीण क्षेत्रमा सामाजिक, आर्थिक, साँस्कृतिक, एवं व्यवसायिक विकास गर्ने क्रममा निम्न पक्षमा विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

१. मौजुदा सहकारी ऐनको नियमन पक्षलाई बढी प्रभावकारी तुल्याउने,
२. सहकारी संस्थाका सदस्य बन्न चाहने नयाँ व्यक्तिहरूलाई सहकारी विषयको ज्ञान दिलाउने,
३. सहकारी क्षेत्रसम्बन्धी सरकारको दृष्टिकोण र प्राथमिकता स्पष्ट गर्ने एवं संरचनात्मक सुधार समेत गर्ने,
४. सहकारी क्षेत्रको राष्ट्रिय र क्षेत्रगत नीतिहरू तर्जुमा गर्ने,
५. सहकारीको दीर्घकालिन योजना तर्जुमा गर्ने ।
६. सहकारी संघ संस्थाहरुको निरीक्षण मापदण्ड निर्माण गर्ने ।

यसै परिप्रेक्ष्यमा सहकारी विभागले मौजूदा सहकारी, ऐन नियमको परिमार्जनका लागि सहकारीकर्मीहरू, विज्ञहरू, सरोकारवाला ९क्त्ब्न्ज्ईीम्भ्च्क० वर्ग लगायतको सहभागितामा विभिन्न चरणमा छलफल तथा अन्तरक्रिया गरी प्राप्त पृष्ठपोषणका आधारमा सहकारी क्षेत्र सुधारका निमित्त नियमनका अतिरिक्त आम नागरिकमा सहकारी मन्त्रालयमा पेश भै सकेकोछ । सहकारी क्षेत्र सुधारका निमित्त नियमनका अतिरिक्त आम नागरिकमा सहकारीसम्बन्धी विषयमा जानकारी र सूचना प्रवाहित गर्नु गर्ने तथ्यलाई यसको गठन र सञ्चालनमा थप बल पुर्‍याउन सहकारी संस्थाका विभागबाट विभिन्न प्रयासहरू भइरहेका छन् । यो पुस्तिका तयार गर्नुको प्रमुख उद्देश्य सहकारी संस्थाका सबै सदस्य र पछि सदस्य बन्न चाहनेहरूका लागि समेत सहकारी बारेको संक्षिप्त जानकारी उपलब्ध गराई सदस्य सशक्तिकरणका माध्यमबाट यस क्षेत्रमा देखा परेका समस्या र विकृतिहरूलाई क्रमशः हटाई सहकारीको क्षेत्रमा

सुशासन कायम गर्नु रहेको छ ।

२. सहकारी के हो ?

बोलीचालीको भाषामा सबै मिलेर काम गर्नु सहकार्य हो र त्यसैलाई नै सहकारीताका आधारमा भएको सहकार्य हो भनेर बुझेको पाइन्छ तर सबै मिलेर गरको सबै कार्यलाई सहकारिताका आधारमा भएको सहकार्य भन्न मिल्दैन । साथै सहकारी जोसुकै मिलेर हुन सक्दैन । सहकारी सहकार्यमा सबैको उद्देश्य एक हुनु पर्छ । तर एउटै उद्देश्य भन्दैमा राजनैतिक कार्यकर्ताहरूले संस्था गठन गरेर सहकारी संस्थालाई राजनैतिक मञ्चको रुपमा उपयोग गर्ने, एउटा डाक्टर प्रवेश गरेर आÇनो क्लिनिकमा सबै सदस्यहरू बोलाएर आÇनो आम्दानी बढाउने, ठगहरू मिली संस्था गठन गर्ने र छदम् प्रवृतिका व्यक्तिहरू पसेर सदस्यको वचत रकम लिएर कुलेलाम ठोक्ने व्यक्तिहरू/समूहहरूको बीच एकै उद्देश्य हुने भएपनि त्यस्तो सहकार्य सहकारी मूल्य विपरीत हुने भएकोले सहकारी हुनै सक्दैन । यसैगरी एउटा व्यापारी र एउटा किसानको बीच पनि एउटै उद्देश्य नहुन सक्छ । त्यसैले उद्देश्य एकै हुनलाई पेशागत समानता, पूँजीगत समानता, सोचाई र दृष्टिकोणमा समानता जस्ता पक्षहरू महत्वपूर्ण मानिन्छन् । कस्तो सहकार्य सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्म अनुरुपको सहकारी हुन सक्छ भनी स्पष्ट हुन निम्न पक्षहरूको अध्ययन गर्नु जरुरी हुन्छ ।

- सहकारितामा एउटा स्वायत्त संस्थाका माध्यमद्वारा सहकार्य गरिन्छ ।
- त्यस्तो संस्था समान आवश्यकता र उद्देश्य भएका व्यक्तिहरू मिलेर गठन गरिन्छ ।
- त्यस्ता संस्थाको सदस्य बन्ने नबन्ने व्यक्तिको आÇनो इच्छामा निर्भर रहन्छ । कसैले कर गरेर सदस्य बन्नु पर्ने बाध्यता हुदैन ।
- यसको स्वामित्व सामुहिक हुन्छ । कुनै एउटा व्यक्तिको मात्र स्वामित्व हुदैन । अर्थात सबै शेयर सदस्य संस्थाका समान दर्जाका मालिक हुन्छन् ।
- सदस्य बन्न निश्चित रकम शेयरका रुपमा तिर्नु पर्छ र निश्चित जिम्मेवारी वहन गर्नुपर्छ ।
- संस्था सरकारले वा अरु कसैले सञ्चालन गरिदिदैनन्, सदस्यहरू स्वयं मिली सञ्चालन गर्नु पर्छ । त्यसैले सदस्य मध्येबाटै निर्वाचन (चुनाव) गरी संचालक समिति, लेखा समिति र अन्य आवश्यकता अनुसारका समितिहरू गठन गर्नुपर्छ ।
- संस्थाले सदस्य भित्रमात्र कारोवार गर्नुपर्छ । कुनै सदस्यले खाए, मासे, हिनामिना गरे संस्थाकै निर्णयद्वारा त्यस्तो सदस्य उपर कार्यवाही गर्नुपर्छ ।
- संस्था सञ्चालन गर्न, विनियम र अन्य नियमहरू पनि सदस्यहरू मिलेर बनाउनु पर्छ ।
- सहकारीतामा सबै सदस्यहरूले थोरै थोरै रकम जम्मा गरे पनि संस्थाले सदस्यको हितमा व्यवसाय गर्न सक्छ ।
- संस्थाको दीर्घकालीन सोच ९ख्क्ष्क्ष्इल० सदस्यहरूको आर्थिक, सामाजिक,

सांस्कृतिक, व्यवसायिक उन्नतिमा सहयोग पुऱ्याउने हुनुपर्दछ ।

यसरी माथिका विभिन्न बुँदाहरूका आधारमा हामी के भन्न सक्छौं भने सहकारिता भनेको सिमित भएका पूँजी भएर पनि एक्लै व्यवसाय गर्ने क्षमता नभएका, केही पूँजी पनि छ र अलिअलि व्यवसाय गर्न पनि सक्ने खुबी छ तर यी दुवै कुराहरू भएर पनि व्यवसाय गर्दा सबै घाटा लाग्यो भने परिवार भोकै पर्छन भन्ने कुराले एक्लै व्यवसाय गर्ने आँट गर्न नसक्ने व्यक्तिहरू मिलेर गर्ने कार्य हो । यस्तो सहकार्य गर्दा आफूसंग भएको केही पूँजी संस्थामा जम्मा गरी त्यसबाट व्यवसाय गर्ने कुशलता, क्षमता र आँट सिर्जना गरी संस्थाकै माध्यमबाट व्यवसायिक एवं अन्य कारोवार सञ्चालन गरी सदस्य परिवारको आर्थिक, सामाजिक र सांस्कृतिक विकास सम्भव हुन्छ । त्यसैले सहकारी नाफाका लागि व्यापारीले जस्तो केवल व्यापार, व्यवसाय गर्ने संस्था होइन, न त बैंक जस्तै गरी बैंकको मात्र कारोवार गर्ने संस्था हो । बरु यो समुदायमा आधारित रही, सदस्यकै हितका लागि सदस्य माझ व्यवसाय गर्ने र सदस्यहरूलाई व्यवसायी/उद्यमशिल, क्षमतावान बनाउने कार्यमा निरन्तर सहयोग गर्ने सबल संस्थागत माध्यम हो ।

सहकारिता के हो भन्ने सन्दर्भमा माथि उल्लेखित पक्षहरूको अध्ययनबाट स्पष्ट हुन्छ । अन्तराष्ट्रिय सहकारी महासंघ (INTERNATIONAL CO-OPERATIVE ALLIANCE) (ICA) ले सन् १९९५ मा गरेको निम्न सर्वमान्य परिभाषाले पनि सहकारीलाई अझै स्पष्ट गरेको छ ।

A cooperative is an autonomous association of persons united voluntarily for the fulfillment of their common economic, social and cultural needs and aspirations through a jointly owned and democratically controlled enterprise.

## ३. सहकारीताका मूल्यहरू

सहकारीताका मूल्यहरू बारे अध्ययन गर्दा आधारभूत मूल्यहरू ९द्यब्क्क्ष्ञ ख्बिग्भ्क० र नैतिक मूल्यहरू ९भ्त्ज्क्ष्ञबि ख्बिग्भ्क० गरी दुई भागमा विभाजन गर्न सकिन्छ । विशेषतः आधारभूत मूल्यहरूले संस्था र सदस्य बीच एवं नैतिक मूल्यहरूले संस्था र समाज बीचको सम्बन्ध निर्धारण गर्न मद्दत गर्दछन् ।

| *आधार मूल्यहरू* | *नैतिक मूल्यहरू* |
|---|---|
| १. आत्म-सहयोग (आÇनो सहयोग आफै गर्ने) | १. इमान्दारीता (नीति अनुरुपको आचरण गर्ने) |
| २. स्वउत्तरदायित्व (आफै जिम्मेवार, जवाफदेही) | २. खुलापन (स्वेच्छाले सदस्य बन्न र छोड्न पाइने, पारदर्शी) |
| ३. प्रजातन्त्र (सदस्यहरूले सदस्यहरूद्वरा सदस्यहरूका लागि व्यवस्थापन | ३. सामाजिक उत्तरदायित्व (समाजका लागि पनि काम गर्नु पर्ने जिम्मेवारी) |

गरिने)

४. समानता (सदस्यहरू बीच धर्म, जात, पेशा आदिका आधारमा भेदभाव नगरिने)

५. समन्याय (लगानीको आधारमा बराबर प्रतिफल प्राप्ति)

६. ऐक्यबद्वता (एकताबाट बलियो हुने विश्वास)

४. अरुको हेरचाह (सदस्यको हितको लागि काम गर्दा गैर सदस्यलाई आघात नपुऱ्याउने बरु सहयोग पुऱ्याउने)

४. सहकारीताका सिद्धान्त र मूल्यहरू बीचको सम्बन्ध

सिद्धान्तहरू मूल्यहरूलाई व्यवहारमा उतार्ने मार्गदर्शन ९नक्ष्मभिक्ष्ल्भ्क० हुन् । अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा सन् १९९५ मा परिमार्जित निम्न सात सिद्धान्तहरू विश्वभर प्रचलित रहेका छन् । माथि उल्लेख गरिएका सहकारीताका मूल्यहरूलाई व्यवहारमा उतार्न ती सिद्धान्त प्रतिपादन भएका हुन् । सहकारीताको सिद्धान्त र सहकारीताका मूल्यहरू बीचको अन्तरसम्बन्धलाई देहाय अनुसार बुझ्नु पर्दछ ।

| *सिद्धान्तहरू* | *मूल्यहरू* |
|---|---|
| १. ऐच्छिक तथा खुल्ला सदस्यता | (खुलापन) |
| २. सदस्यद्वरा प्रजातान्त्रिक नियन्त्रण | (प्रजातन्त्र, समानता) |
| ३. सदस्यहरूको आर्थिक सहभागिता | (समन्याय) |
| ४. स्वायत्तता तथा स्वतन्त्रता | (आत्म सहयोग, स्वउत्तरदायित्व) |
| ५. शिक्षा तालिम तथा सूचना | (इमान्दारीता) |
| ६. सहकारीहरू बीच सहयोग | (एक्यबद्वता) |
| ७. समुदाय प्रति चासो | (सामाजिक उत्तरदायित्व) |

५. सहकारीताका सिद्धान्तहरू

*५.१स्वैच्छिक तथा खुला सदस्यता*

- निर्धारित योग्यता पुगेको कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद गर्नु नहुने,
- सदस्य संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेकै हुनुपर्ने,
- सदस्यको हैसियतले वहन गर्नु पर्ने जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने,
- संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने,

- सदस्यले संस्थाको सदस्यता त्याग्न चाहेमा सदस्यता त्यागी अलग हुन सक्ने ।
- कृतिम छेकवार/बन्देज लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने ।

*५.२सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण*

- शेयर जतिसुकै खरिद गरे पनि सदस्यहरूद्वारा सदस्यहरूको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यले गठन हुने हुँदा, सदस्यहरूले नै नियन्त्रण गर्नु हुने,
- एक सदस्य एक मतको पद्धति लागु गर्ने,
- संस्थाका सबै सदस्यहरू संलग्न हुन पाउने साधारण सभाद्वारा संस्थाको नीति निर्माण गरिने,
- सहकारीमा साधारण सभा नै सर्वोच्च अंग हुने भएकोले यसले व्यवस्थापिका, कार्यपालिका, र न्यायपालिकाको कार्य सम्पादन गर्छ,
- सदस्यहरू मध्येबाटै साधारण सभाद्वारा निर्वाचित प्रतिनिधिहरूद्वारा सञ्चालन गर्ने,
- सदस्य-सदस्य बीच सेवामा विभेद नगरिने,
- संस्था सञ्चालन कार्यमा संलग्न प्रतिनिधि व्यक्तिगतरुपमा साधारण सदस्य प्रति र सामुहिकरुपमा संचालक समिति प्रति उत्तरदायी हुने ।

*५.३सदस्यको आर्थिक सहभागिता*

सहकारी संस्थामा प्रत्येक सदस्यको सानो-सानो पूँजी शेयरको रुपमा संकलित भई सदस्यको आर्थिक सहभागिताद्वारा व्यवसायिक शक्तिको सृजना हुन्छ । साथै शेयर रकमको घटी र बढीले सदस्यहरूको अधिकारमा विभेद गरिदैन ।

यस अन्तर्गत मुख्य रुपमा निम्न विषयहरू पर्दछन् ।

- सहकारीलाई आर्थिक कार्य, व्यवसाय गर्ने माध्यमको रुपमा स्वीकार गर्ने,
- प्रति शेयर समान मूल्य र एउटा शेयर र एकभन्दा बदी शेयर लिने सदस्यको कानूनी हैसियत र स्तर बराबर हुने,
- सिमित लाभ (धेरै लाभांशले एक्यबद्वताको भावना घट्न सक्दछ) वितरण गर्ने,
- सदस्यले गरेको कारोवारका आधारमा संरक्षित पूँजी कोषबाट प्रतिफल पाइने ।
- वचत (नाफा) बाट जगेडा कोष र अन्य कोषहरू खडागरी प्रभावकारी व्यवस्थापन गर्ने ।

*५.४ स्वायत्तता र स्वतन्त्रता*

सहकारी संस्थाहरू सदस्यहरूद्वारा गठित, सञ्चालित एवं नियन्त्रित स्वायत्त एवं स्वतन्त्र हुन्छ ।

‘स्वायत्तता’ भनेको के हो ?

- संस्था बाह्रय नियन्त्रण, हस्तक्षेपबाट मुक्त हुने,
- सदस्यहरूद्वारा स्वयं (आन्तरिक) नियन्त्रण र सन्तुलनको व्यवस्था अर्थात संस्थामा हिनामिना तथा अन्य गलत कार्य भए सदस्यहरू स्वयं जिम्मेवार हुने व्यवस्था,
- संस्थाले अन्य संस्था/व्यक्ति/सरकार सबै सँग निश्चित शर्त र सम्झौताको आधारमा कार्य गर्न सक्ने अधिकार
- आÇना संस्था सञ्चालन गर्न चाहिने विनियम आफै बनाउन सक्ने अधिकार

तर सहकारी संस्थाले उपयोग गर्ने स्वायत्तता र स्वतन्त्रता प्रचलित ऐन, नियम, सहकारी मूल्य, सिद्धान्तको परिधिमा रही उपयोग गर्नुपर्दछ ।

## *५.५ शिक्षा, तालिम र सूचना*

थाहा पाएको विषय संस्था सहकारीका प्रत्येक सदस्यलाई सहकारी सम्बन्धी शिक्षा, तालिम दिएर योग्य र सक्षम बनाउनु पर्दछ भन्ने मान्यता यो सिद्धान्तले राख्दछ । यसमा संस्थामा हुने प्रत्येक क्रियाकलापको जानकारी सदस्यहरूलाई दिनु पर्ने र सदस्यले पनि आफुले जानकारी दिने दोहोरो सूचना प्रणालीको व्यवस्था लगायत निम्न विषयहरू पर्दछन् ।

- संस्थाले सदस्यहरूलाई सहकारी शिक्षा र आवश्यकता अनुरुप व्यवसायिक सीप विकास व्यवस्थापन तालिम प्रदान गर्नुपर्ने,
- सहकारी शिक्षा कोषको व्यवस्था हुनुपर्ने,
- प्रशिक्षित/शिक्षित सदस्यहरूद्वारा संस्थाको समुन्नतिमा योगदान पुग्ने,
- संस्था भित्र र बाहिर सूचना प्रणालीको विकास र युग अनुसारको सूचना प्रदान गर्नुपर्ने ।

## *५.६अन्तर सहकारी सहयोग*

एउटै मात्र संस्था स्वयंमा पुर्ण हुन कठिन हुने भएकोले सहकारी मार्फत सानास्तरमा गरिने व्यवसायिक क्रियाकलापलाई बढाएर निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने उर्जा विकास गर्ने, सहकारी-सहकारी बीच परस्पर सहयोग जरुरी हुन्छ ।

- प्रारम्भिक देखि अन्तर्राष्ट्रियस्तरसम्मका सहकारी संजालको विकास गर्ने,
- अन्तरसहयोगको माध्यमबाट अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने,
- विषयगत संघ, जिल्ला सहकारी संघ, केन्द्रीय संघहरू, राष्ट्रिय सहकारी संघ हुँदै अन्तरराष्ट्रिय सहकारी महासंघ सम्मको, अन्तरसम्बन्धबाट व्यवसायिक क्रियाकलापको दायरा विस्तार गर्ने ।

## *५.७ समुदाय प्रति चासो*

सहकारी संस्थाहरू समुदायका अभिन्न अंग भएकोले आÇना सदस्यका साथै

सामुदायिक क्रियाकलापमा सरिक भई सामुदायिक विकासका कार्यहरू गर्नु पर्ने हुन्छ ।

- समूहको एकपक्ष कमजोर भए अन्य पक्ष पनि कमजोर हुन जान्छ (अन्तरनिर्भरता) भन्ने मान्यतालाई यो सिद्धान्तले स्वीकारेको छ,
- समूहको हितकै लागि गठन हुने,
- समुदाय प्रतिको सेवाले संस्थामा सकारात्मक प्रभाव पार्ने,
- वृक्षारोपण, शिक्षा, स्वास्थ्य, परिवार नियोजन, सरसफाई, खानेपानी, कुलो, पाठशाला, धार्मिक सांस्कृतिक पर्वहरूमा सहकारी सहयोग बढाउने,
- आकस्मिक दुर्घटना/दैवी प्रकोप- (आगलागी, भुइचालो आदि) को समयमा उद्धार र पुनर्स्थापनाका कार्यमा सहभागिता बढाउने

६. सहकारी व्यवसाय र अन्य व्यवसाय बीचको फरक

सहकारी सम्बन्धी ज्ञानलाई अझ बढी स्पष्ट गर्न तल बुँदागत रुपमा सहकारी र अन्य व्यवसाय बीचको फरक प्रस्तुत गरिएको छ । सहकारी संस्था एउटा सामुदायिक व्यवसायिक इकाई हो । त्यसैले सहकारी व्यवसाय कस्तो हो भन्ने थाहा पाउन समग्र व्यवसायको स्वरुपलाई संचालक र सञ्चालन पद्धतिका आधारमा 'सहकारी व्यवसाय' र 'निजी व्यवसाय' को रुपमा विभाजन गरी तिनको फरकलाई तुलनात्मक रुपमा स्पष्ट पारिएको छ ।

| | *सहकारी व्यवसाय* | *निजी व्यवसाय* |
|---|---|---|
| १. नीति | सदस्यहरूको सामाजिक आर्थिक विकासका लागि सहकारी मूल्य र सिद्धान्त अनुसार सञ्चालन गरिने । | सरकारी लगानीलाई क्रमशः घटाउदै निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्दै जाने । |
| २. लक्षित वर्ग | सहकारी ऐन २०४८ ले तोकेका भूमिहीन, कृषक, कालिगढ, मजदूर, न्यून आयवर्ग । | मुलुकका सबै नागरिक सहभागी हुन सक्ने । |
| ३. उद्देश्य | लक्षित वर्गको सामुहिक सहभागिता मार्फत स्थानीय स-साना पूजीहरूको जगेर्नाद्वारा सदस्यहरू स्वयंलाई व्यवसायमा संलग्न गराई सदस्यहरूकै आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने । | व्यक्तिगत पूँजी लगानी गरी नाफा आर्जन गर्ने । |
| ४. सदस्यता | ऐच्छिक र खुला सदस्यताको सिद्धान्त लागु हुने । | खुला सदस्यताको सिद्धान्त लागु नहुने । सदस्यताका निमित्त निश्चित आधारहरू विकास |

| | | |
|---|---|---|
| | | गरिने । |
| ५. व्यवसायिक क्षमता | विभिन्न सदस्यहरूसंग छरिएर रहेको साना साना आर्थिक, भौतिक, श्रोतहरू एकीकृत भई व्यवसायिक क्षमताको सिर्जना हुने । | एउटै व्यक्ति वा दुई भन्दा बढी व्यक्तिहरू रहेको आर्थिक, भौतिक साधनको प्राचुर्यताका साथै व्यवस्थापकीय कौशलता, साहस/आंट र शीपको प्रयोग गरी क्रमशः एकलौटी व्यवसाय र कम्पनी व्यवसाय सञ्चालन हुने । |
| ६. व्यवसायिक पद्धति | संस्थाको विधान, नीति निर्माण लगायतका विषयको निर्णय सम्बन्धी सम्पूर्ण कार्यहरू, उक्त निर्णयलाई कार्यान्वयन गर्ने, कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने, संस्थाको कारोवारमा संलग्न भएर लाभ लिने एवं मूल्यांङ्कन गर्ने आदि व्यवाथापनका सबै पक्षमा सदस्यको क्रियाशील सहभागिता अनिवार्य हुन्छ । | व्यवसाय सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्त गरी निर्णय देखि मूल्यांकन सम्मका सम्पूर्ण व्यवस्थापकीय कार्य सम्पादन गरिन्छ । यसमा सबै स्वामित्वधारीहरूको सहभागिता नहुन सक्छ । अतः लगानीकर्ताहरूले तय गरेको एकलौटी नीति लागु गरिन्छ । |
| ७. उत्पादक, वितरक र उपभोक्ता | सहकारीमा उत्पादक, वितरक र उमभोक्ता तीनै पक्ष स्वयं सदस्यहरू नै हुन्छन् । त्यसैले सहकारी व्यवसायको पहिलो बजार सदस्यहरू नै हुन् । | निजी व्यवसायमा यी तीनै पक्षहरू छुट्टा-छुट्टै हुन्छन् । त्यसैले निजी व्यवसायको बजार जो सकै पनि हुनसक्छ । |
| ८. व्यवस्थापकीय अधिकार | शेयर बढी या घटी लिने हुंदा एक सदस्य एक मतको स्थिति हुन्छ । त्यसैले सहकारीमा मानवीय मूल्य मान्यतालाई कार्य सञ्चालनमा प्रधानता दिइन्छ, पूँजीलाई होइन । | यसमा शेयर संख्याको आधारमा मताधिकार बढी वा घटी हुने हुनाले एउटै शेयर सदस्यले धेरै मत पनि दिन सक्छ । मत दिन आफै नगई प्रतिनिधि पनि पठाउन सकिन्छ । त्यसैले यसमा पूँजीलाई प्रधानता दिइन्छ व्यक्तिलाई होइन । |
| ९. सदस्यको सेवा | वस्तुको उत्पादन, कारोवार, सेवा सदस्यको आवश्यकतालाई आधार मानेर गरिन्छ । सेवा/वस्तुको कारोवार सदस्यसँग मात्र गरिदैन । सदस्य सदस्यबीच सेवामा विभेद गरिदैन । सदस्यहरू | नाफाका आधारमा वस्तुको उत्पादन, कारोवार र सेवा निर्धारित हुन्छ । सेवा/वस्तुको कारोवार बजारका क्रेतासँग हुन्छ, जो अधिकांश गैरसदस्य हुन्छन् । सेवामा कसैसित विभेद |

| | | |
|---|---|---|
| | सहभागिताका निमित्त उत्प्रेरित हुने, नहुने वा कतिको हुने भन्ने सदस्यले प्राप्त गर्ने सेवाको निरन्तरता, गुणस्तरीयता, सुलभता, समानता र त्यसबाट हुने फाइदा जस्ता कुराहरूको आधारमा भर पर्दछ । | हुदैन । व्यक्तिले आवश्यक वस्तुको आपूर्ति खुला बजारबाट गर्ने हुंदा यस्तो स्थिति हुँदैन । |
| १०. नियन्त्रण प्रणाली | प्रजातान्त्रिक सिद्धान्तका आधारमा स्वयं सदस्यहरूको क्रियाशिलतामा संस्थाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिएको हुन्छ । | लगानीकर्ता स्वयंबाट व्यवसायिक सिद्धान्त अनुरुप निर्धारित नीतिका आधारमा व्यवस्थित गरिन्छ । |
| ११. व्यवसायिक संरचना | साधारण सभाको निर्णय अनुसार प्रारम्भिक संस्थाले आन्तरिक व्यावसायिक संरचना तयार गर्दछ । संस्थागत तर्फ भने सहकारी संस्थाहरू सदस्य भएका विभिन्न संघहरुको गठन गरी सहकारी व्यवसाय प्रवर्द्धन गर्न सकिने । | आÇनो व्यवसाय अनुरुप व्यवसायी आफैले कुन व्यवसायीक संगठनको सदस्य बन्ने भन्ने तय गर्नु पर्ने हुन्छ । व्यवसायिक एकताका हिसाबले जिल्ला देखि केन्द्रसम्म उद्योग वाणिज्य संघ खोली सञ्चालन गर्न सकिने । |
| १२. विशेष छुट सुविधा | सहकारी ऐन २०४८ ले निजी व्यवसायको तुलनामा सहकारी व्यवसायलाई विशेष छुट सुविधा प्रदान गरेको छ । जस्तै भन्सार महशुल, रजिष्ट्रेशन दस्तुर, स्थानीय कर आदि । यस अतिरिक्त निजी व्यवसायले प्राप्त गरेका छुट पनि यस्ता संस्थाले पाउँछन् । | प्रचलित ऐन कानून उद्योग व्यवसायमा निजीक्षेत्रको संलग्नतालाई बृद्धि गर्न विभिन्न सहुलियत, छुट दिएको भएतापनि सहकारीलाई प्राप्त हुने सम्पूर्ण प्रकृतिका छुटहरू निजी व्यवसायलाई प्राप्त नहुने । |
| १३. सामाजिक चासो | सहकारी व्यवसाय स्थानीय समाजकै सदस्यहरूद्वारा संचालित हुने हुँदा यो नाफामुखी नभई सदस्यको आर्थिक विकासमुखी हुने र यसले सामाजिक चासोलाई समेत आत्मसात गरी व्यवसाय गर्ने । | निजी व्यवसाय नाफामुखी भएको हुँदा यसले सामाजिक चासोलाई ज्यादै कम मात्रामा आत्मसात गरिएको पाइन्छ । त्यस्तो सामाजिक चासो पनि व्यवसायिक फाइदा गांसेर लिइने । |
| १४. दायित्व | सहकारी सदस्यहरूको दायित्व सिमित हुन्छ । | एकलौटी व्यवसायमा सदस्यको दायित्व असिमित हुन्छ भने |

| |
|---|
| कम्पनी व्यवसायमा सिमित हुन्छ । |

७. सहकारीमा व्यवस्थापन सम्बन्धी कार्य प्रणाली

सहकारीमा स्वजिम्मेवारीको व्यवस्था गरिएको हुन्छ । ‘स्वतन्त्रता र स्वायत्तता’ को सिद्धान्तलाई सहकारी ऐन, २०४८ ले अंगीकार गरी सोही ऐनको दफा ७ मा सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुने, छुट्टै छाप हुने, व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न आÇनो नामबाट नालिस उजुर गर्न र संस्था उपर अरुले नालिस उजुर दिन सक्ने भन्ने उल्लेख छ । संक्षेपमा भन्नुपर्दा सहकारी संस्था एउटा प्राकृतिक व्यक्ति सरहको अधिकारयुक्त कानूनी व्यक्ति हो । जसरी व्यक्तिले आÇनो सम्पत्ति लगायत अन्य विषयको संरक्षण आफै गर्नु पर्छ त्यसरी नै सहकारी संस्थाले र सदस्यले पनि आÇनो सुरक्षा आफैं गर्नु पर्दछ । स्वतन्त्रताको अर्थ आफूखुसी गर्न पाउने वा बन्धनहीन अवस्था भने होइन । बरु यो एउटा निश्चित नीति अन्तर्गत रहेर नीतिले स्वीकृत प्रदान गरेका काम कारवाहीहरु आÇनो अनुकुल ढंगले व्यवस्थापन गर्ने जिम्मेवारी हो । यसै गरी ‘स्वायत्तता’ को अर्थ बाह्रय हस्तक्षेपबाट मुक्तिको अवस्था हो । आफैले नीतिनियम/विनियम बनाउन र त्यसको कार्यान्वयन गर्न पाउने कानूनी अवस्था हो । त्यसैले आफैंले संस्था गठन गर्न पाउने, नियम बनाउन पाउने, नीतिहरूको उल्लंघन नगरी गरेको कार्यमा राज्य/सरकारले समेत हस्तक्षेप गर्न नपाउने अवस्था हो स्वायत्तता । यसमा सदस्य स्वयम्ले सबै काम गर्न पाउने भएकोले संस्थामा हुने अनैतिक क्रियाकलाप, हिनामिना, मस्यौट, भ्रष्टाचार जस्ता पक्षलाई नियन्त्रण गर्ने, कार्यवाही गर्ने, दण्ड सजाय गर्ने, सुधार गर्ने लगायतका सम्पूर्ण दायित्व/जिम्मेवारी सदस्यहरूमै रहेको हुन्छ ।

सहकारी सामुदायिक संस्था भएकाले समुदाय प्रतिको जिम्मेवारी वहन गर्नु यसको प्रमुख कर्तव्य हो । सहकारीका सिद्धान्तहरूलाई सहकारी ऐन, २०४८ ले मान्यता प्रदान गरेको परिप्रेक्ष्यमा ‘समुदाय प्रति चासो’ ९ऋइल्ऋभ्च्ल ँइच ऋइ::गल्क्तथ० भन्ने सिद्धान्त अनुसार समुदाय प्रतिको जिम्मेवारीको कारणले सहकारीका प्रत्येक सदस्यहरुको संस्थाप्रति व्यक्तिगत एवं समुदाय प्रति सामुहिक जिम्मेवारी रहेको हुन्छ । त्यसैले सदस्यको बचत फस्यौट गरी फरार हुने व्यक्ति उपर संस्थाका एक एक सदस्यहरू व्यक्तिगत रुपमा जिम्मेवार हुनुपर्दछ । हामीले सहकारीको मूल्य र मान्यतालाई यथार्थरुपमा बुझ्ने चेष्टा नगरी आफूले शेयर लगानी गरे बराबरको रकमको मात्र दायित्व (जिम्मेवारी) रहने सम्झन्छौ । तर सहकारीका सदस्यले सामुदायिक दायित्वलाई बिर्सनु हुँदैन । सहकारीका मूल्य र सिद्धान्त अनुसार सहकारीका सामुहिक रुपमा र सदस्य व्यक्तिगत रुपमा समुदाय प्रति जिम्मेवार हुनु पर्ने हुन्छ । यसै गरी सहकारीको अर्को सिद्धान्त ‘सहकारीहरू बीच सहकारीता’ ९ऋइइएभ्च्ब्त्क्ष्इल बःइल्ऋइइएभ्च्ब्त्क्ष्खभ्क० का आधारमा सहकारी-सहकारी बीच व्यावसायिक जिम्मेवारी पनि रहेको हुन्छ । जस्तै विगतमा केही सहकारी संस्थाहरुले सदस्यहरूको वचत हिनामिना

गरी फरार भएको कारणले गर्दा सर्वसाधारण देखि राजनैतिक एवं सरकारी उच्चपदाधिकारीहरूसम्ममा सहकारी संघ/संस्था प्रतिको विश्वसनीयतामा ठूलो आँच आएको छ । फलतः सहकारी मूल्य, सिद्धान्त, ऐन नियम, विभागीय नीति सबैको राम्रोसँग पालना गरेर सफल रुपमा सञ्चालन भइरहेका संस्थाहरू प्रति पनि विश्वास गर्ने वातावरण न्यून हुदै गएको छ । त्यसैले कुनै पनि सहकारी संस्था वा सहकारी पदाधिकारी वा साधारण सदस्य समेतले कुनै पनि कार्य गर्दा क्षणिक फाईदा र व्यक्तिगत स्वार्थ नहेरी आफूले गर्ने कार्यले समग्र सहकारी जगतमै कस्तो प्रभाव पर्छ भन्ने कुराको राम्रोसँग बुझ्नु जरुरी छ ।

सहकारी ऐन २०४८ ले यो ऐन लागु हुनु सहकारी सम्बद्ध सहकारी निकायहरूले संस्थासम्बन्धी जिम्मेवारी अधिकांशरुपमा सहकारीका सदस्य एवं संस्था स्वयंमा सुम्पिएकोछ भने सहकारी निकायको भूमिका सहकारी संघ, संस्थाको प्रवर्द्धन र विकास कार्यमा केन्द्रीत गरेको छ । त्यसैगरी संस्थाहरुको अनुगमनको कार्य समेतमा सहकारीकै संघीय संरचनाबाटै हुनुपर्छ ।

८. सहकारी संस्थाको सदस्य बन्न चाहने र बनिसकेको व्यक्तिले थाहा पाउनैपर्ने विषयहरू

८.१ सहकारी सदस्य बन्न चाहनेले थाहा पाउनु पर्ने विषयहरू

८.१.१ *तपाई लगायत पच्चीस वा सो भन्दा बढी परिवार मिली सहकारी संस्था गठन गरी र सदस्य हुन कारोवार सञ्चालन गर्न चाहनु भएको हो भने*

- सहकारीको वास्तविक अर्थ के हो बुझ्नुहोस,
- सहकारी संस्था किन गठन गर्नु पऱ्यो ?
- सहकारी संस्थाबाट कुन उद्देश्य पूर्ति गर्ने हो स्पष्ट हुनुहोस्,
- संस्था गठन गरेर सदस्य भएपछि सदस्यले निर्वाह गर्नु पर्ने जिम्मेवारी के के हुन्छ, स्पष्टसँग बुझ्नुहोस्,
- संस्थाको सदस्य बनेर/संस्था गठन गरेर तपाईको उद्देश्य आवश्यकता पूर्ति हुन्छ हुदैन विश्लेषण गर्नुहोस,
- संस्था गठन गरी सके पछि तपाईलाई के के फाइदा हुन सक्छ ? बुझ्नुहोस,
- सबै सदस्य एकजुट भएर काम गर्ने/सामुहिक उद्देश्य पूर्ति गर्ने कुरा व्यवहारमा लागु हुन सक्छ सक्दैन ? छलफल गर्नुहोस,
- संस्था गठन गरेपछि हिजो भइरहेको फाइदा/पाइराखेको सेवा, सुविधामा वृद्धि हुने वा गुम्ने के हो, विचार पुऱ्याउनुहोस्,
- अरु ठाउँमा संस्था खोलियो भन्ने भनाई वा अरुको देखासिकीमा संस्था नखोल्नुहोस्,
- क्षणिक आवेगमा आएर संस्था दर्ता गर्नु राम्रो हुँदैन । संस्था दर्ता गरी सकेपछि यसलाई निरन्तरता दिनुपर्दछ । एकपटक दर्ता भएको संस्था विघटन गर्न समेत

लामो प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ । दर्ता गर्न जति सजिलो छ, विघठन गर्न त्यत्तिकै गाह्रो पर्दछ, यस विषयमा गंभिर हुनुहोस् ।

८.२ तपाई दर्ता भईसकेको संस्थामा सदस्य बन्न चाहनु भएको हो भने

- बढी र आकर्षक व्याजको लोभमा परी संस्थाको यथार्थ स्थिति जानकारी नलिइ कारोबार गर्दा फस्न सकिने कुरा राम्ररी सोच्नुहोस् । बढी ब्याज दिनेहरूको नियत धेरै रकम संकलन गरी भाग्ने पनि हुन सक्छ । यथार्थ नबुझि रकम जम्मा नगर्नुहोस् ।
- गलत मनसायले गठन गरी कारोवार गर्ने केही संस्थाहरू विशेष गरेर ‘बचत तथा ऋण सहकारी संस्था लि.’ हरूले सदस्यहरूलाई संस्थापक सदस्य र कारोवारी सदस्यकारुपमा सदस्यता प्रदान गर्ने गरेको वा सदस्य नै नभएका व्यक्तिहरू ( गैरसदस्य) सँग कारोवार गर्ने गरेको पनि पाइन्छ । त्यस्ता गैरकानूनी एवं छदम् व्यवहारलाई सहकारी विभागले विभिन्न परिपत्र तथा पत्रपत्रिका मार्फत सूचना प्रकाशित गरी सुधार गर्न जानकारी गराउँदै आएको छ । अतः ‘शेयर सदस्य’ नबनाई अन्य विभिन्न किसिमको सदस्य बनाई कारोवार गर्ने संस्थाको सदस्य नबन्नुहोस् । बनेको खण्डमा तपाइले दुःख गरेर संकलन गर्नु भएको वचत रकमको सुरक्षा नहुन सक्छ ।
- संस्थाका संचालक को-को छन् जानकारी लिने, संस्थाका संचालक विश्वास गर्न योग्य व्यक्ति हुन होइनन् ? निजहरूको कार्य दक्षता उपर भर पर्न सकिन्छ सकिंदैन राम्ररी बुझेर मात्र सदस्यता लिनुहोस् ।
- संस्थाले के-के कार्यक्रम सञ्चालन गरेको छ र त्यसबाट आफुलाई के कस्तो फाइदा हुन्छ, बिचार गर्नुहोस् ।
- संस्था नाफा-नोक्सान के कस्तो स्थितिमा छ सोको विस्तृत जानकारी लिनुहोस् ।
- सहकारी संस्था समुदायमा आधारित भई सञ्चालन हुनु पर्ने प्रकृतिको भएको हुँदा विगतमा सहकारी विभागबाट शाखा खोल्ने अनुमति पत्र प्राप्त गरेका संस्थाहरूलाई आÇनो कारोवारलाई सीमित गर्दै जुन जिल्लाको जुन ठाँउमा शाखा खोलिएको हो त्यसलाई त्यही स्थानका व्यक्ति (जो-जो त्यस्तो शाखा मार्फत सदस्य बनेका छन) हरू मध्येबाटै त्यही छुट्टै सहकारी संस्था गठन गरी स्थानीयकरण गर्ने निर्देशन जारी गरी सकिएको छ । त्यसैले त्यस्ता संस्थाको भविष्य निश्चित छैन । अतः शाखाको रुपमा सञ्चालन भईरहेका संस्थाहरूको सदस्य नबन्नुहोस् । बन्नु भएको भए तपाइको बचत रकम असुरक्षित हुन सक्छ, बिचार गर्नुहोस् ।
- बचत तथा ऋण लगायतको कारोवार गर्ने सबै प्रकृतिका सहकारी संस्थाहरूको शेयर सदस्य (शेयर होल्डर) नबनिकन बचत जम्मा गर्ने, ऋण लिने लगायतका कुनै पनि कारोवार गर्ने कार्य कानूनले बन्देज गरेको छ । त्यसैले कुनै पनि सहकारी संस्थामा कारोवार गर्नु अगाडि त्यस्ता संस्थाको ‘शेयर सदस्य’ नबनी कुनै कारोवार नगर्नुहोस् ।

- संस्था आफ्नो पहुँच, नियन्त्रण भित्र हुन्छ वा हुँदैन ? यसका लागि संस्थाको कार्यालय कत्तिको नजिक छ ? संस्थाको कार्यालय देखेको/पायक गर्ने ठाउँमा भएको, संचालक र साधारण सदस्यहरू आफू बसोबास गरेको क्षेत्रका, जानपहिचान भएका छन्/छैनन्, उक्त कुरा बिचार गरेर आफू ढुक्क भएपछि मात्र सदस्य बन्नुहोस् । कसैको करकाप वा दवाबमा सदस्य नबन्नुहोस् ।
- सकेसम्म संचालकहरूको चरित्र, विगतको छवि, आनिबानी राम्रो भएको संस्थाको मात्र सदस्य हुनुहोस्,
- आफू बसोबास गरेको ठाउँ संस्थाको कार्यक्षेत्र भित्र छ/छैन र संस्था दर्ताका समयदेखिका सदस्यहरू, संचालकहरूले संस्थामा नियमित रुपमा कारोवार गर्ने गरेका छन्/छैनन्, बिचार गरेर मात्र सदस्य हुनुहोस्,
- संस्थाका संचालक, कर्मचारीहरू र निजका नातेदारहरूले ऋण लिएको भए पर्याप्त सुरक्षा वा जमानत राखेको छन्/छैनन जानकारी माग्नुहोस्,
- संस्थाको सञ्चालन खर्च संस्थाको आम्दानीले धान्ने किसिमले गरिएको छ वा लापरवाही ढंगले खर्च गर्ने गरिएको छ, पत्ता लगाउनुहोस्,
- संचालकहरूले कर्मचारी नियुक्ति गर्दा सक्षमता वास्ता नगरी आफ्ना मान्छे भर्ना गरी आम्दानीको अनुपातमा अनावश्यक बढी तलब सुविधा दिने गरी नियुक्ती गरेको पो छ कि ? बिचार गर्नुहोस्,
- माथिका विषयहरूमा बिचार पुऱ्याई विश्लेषण गर्दा संस्था भरपर्दो लागेमा र पायक पर्ने स्थानमा भएको निश्चित भएपछि शेयर सदस्य बन्ने इच्छा, आवश्यकता र क्षमता भएमा त्यसै संस्थाको विनियमसम्मत ढंगले संस्थामा आवेदन दिई संचालक समितिको निर्णयबाट सदस्यता प्राप्त गरी आफ्नो लगानी बराबरको शेयर संख्याको शेयर सदस्यताको प्रमाण-पत्र लिनुहोस् ।

### ८.३ सहकारी संस्थाका सदस्यहरूले थाहा पाउनु पर्ने अन्य विषयहरू

- संस्थाको हरहिसाव सहकारी लेखा प्रणाली अनुसार पारदर्शी राख्ने गरेको छ छैन ? नराखेको भए राख्न दवाब दिनुहोस् । बार्षिक लेखापरीक्षण पनि नहुने र साधारण सभा पनि बस्ने गरेको रहेनछ भने संस्थामा गलत काम कारवाही भएरहेको हुन सक्ने तर्फ सधैं चनाखो रहनुहोस् ।
- संस्थामा संचालक समितिको एकाधिकार रहेको र साधारण सदस्यको आवाजको कुनै सुनुवाई/कदर नहुने हैकमवादी व्यवस्थापन प्रणाली लागू छ कि ? त्यस बारेमा आवाज उठाउनुहोस् ।
- संस्था धनी बन्दै जाने तर संस्थाको भूमिकाको कारणले सदस्यको अवस्थामा कुनै सुधार देखिएन भने सदस्य बन्नुको औचित्य रहँदैन ।
- संस्थाको विनियममा सदस्यले वहन गर्नुपर्ने जिम्मेवारी सदस्यको अधिकार संचालक समितिले प्रयोग गर्ने गरी कटौटी भएको नभएको सम्बन्धमा स्पष्ट बुझ्नुहोस् । यदि

त्यस्तो नभए थप गर्न पहल गर्नुहोस् ।

- बेलाबेलामा वा कम्तिमा महिनाको १(एक) पटक संस्थामा गई निरीक्षण गर्नुहोस् ।
- संकलक वा अन्य व्यक्ति मार्फत बचत जम्मा गर्ने गरेको छ भने समय समयमा संस्थामा गई आÇनो रकम/कारोवार दुरुस्त एवं सुरक्षित छ-छैन जाँच गर्नु होस् ।
- संस्थाले संकलन गरेको रकम के-कस्तो र कुन कुन कार्यमा लगाउँदै छ/खर्च गर्दैछ? जानकारी लिनुहोस् ।
- संस्थाले आम्दानीबाट खर्च गर्नु पर्नेमा तपाईको (सदस्यको) बचतबाट पो घर भाडा बिजुली, पानी, कर्मचारी तलब तथा सुविधा आदिमा खर्च गर्ने गरेको छ कि ? स्पष्ट बुझ्नुहोस् ।
- संस्थाले प्रचलित सहकारी सिद्धान्त, सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, विभागका परिपत्र/सूचनाहरू, सम्बन्धित सहकारी कार्यालयले दिएको निर्देशन, सुझावहरुको पालना गरे नगरेको बुझ्नुहोस्, पालना नगरी गैर कानूनी क्रियाकलाप गर्ने प्रवृत्तिका विरोधमा आवाज उठाउनुहोस् ।

## ८.४ सदस्यले बहन गर्नु पर्ने जिम्मेवारी

संस्थामा प्रत्येक सदस्यको संस्थामा सामाजिक, आर्थिक, सांस्कृतिक, र व्यवसायिक जिम्मेवारी रहन्छ । यी सबै प्रकारका जिम्मेवारी प्रत्येक सदस्यले क्रियाशील भई पूरा गर्नु पर्दछ । अर्को शब्दमा संस्थाको सम्पूर्ण जिम्मेवारी निम्न अनुसार उल्लेख गर्न सकिन्छ :-

१. प्रत्येक साधारण सदस्यले संस्थाले सुरक्षित ढंगले काम गरिरहेको छ छैन समय-समयमा संस्थालाई आÇनो बचत रकम सुरक्षित भए नभएको हेर्नु पर्दछ ।

२. संस्थाको साधारण सभामा सहभागी भई संस्थाले वर्ष भरि गरेका आर्थिक, व्यवसायिक, सामाजिक, सांस्कृतिक क्रियाकलापहरूको बारेमा जानकारी लिई चित्त नबुझेका, गलत ढंगले सम्पादन गरिएका विषयहरूमा अर्न्तक्रिया गर्ने, गल्ती गर्ने उपर कारवाहीको माग गर्ने, असल काम गर्नेको प्रशंसा गर्ने, पुरस्कारका लागि पहल गर्ने, भावी योजना तर्जुमा र कार्यक्रम निर्धाणमा सुझाब दिने कार्यहरू गर्नु पर्दछ ।

३. संस्थाको संचालक समिति, लेखा समिति र उपसमितिहरूको व्यवस्थापकीय पदहरूमा बसी कार्यगर्ने, संस्थाका क्रियाकलापहरू बारे अनुगमन, मूल्यांकन गर्ने कार्यमा सदा सक्रिय सहभागी हुनुपर्छ ।

४. सदस्य आफूले उत्पादन गरेको वस्तु तथा सेवा आÇनो संस्थामा बिक्री गर्ने र संस्थाले उपलब्ध गराएको वस्तु तथा सेवा उपयोग गर्नु पर्दछ ।

५. प्रत्येक सदस्यले संस्थामा हुने निर्णय र क्रियाकलापको बारेमा जानकारी दिई अन्य सदस्यहरूलाई समेत जानकारी दिने, राय प्रतिक्रिया भए सुझाव दिने, गलत निर्णयको विरोध गर्ने कार्यमा पछि पर्नु हुँदैन ।

६. सहकारी सदस्यले आÇनो संस्थामा के कस्ता निर्णयहरू भइ रहेका छन् ? संस्थाबाट के कस्ता काम कार्यवाही भई रहेका छ । त्यस्तो काम कार्यवाहीले संस्थाको/सदस्यको हित गर्छ, गर्दैन ? संस्थामा धांधली वा हिनामिन भएको छ कि ? पक्षपात पूर्ण व्यवहार भएको छ कि ? त्यस्ता नियन्त्रणमूलक पक्षहरूमा समेत सधै चनाखो भएर ध्यान/दृष्टि पुऱ्याउनु पर्दछ ।

७. संस्थाको कारोवारमा अनियमितता भएको जानकारी भएमा अन्य सदस्यहरूमा लेखा समितिमा, साधारण सभामा, सम्बन्धित डिभिजन सहकारी कार्यालयमा, सम्बन्धित संघहरूमा लिखित जानकारी गराउनु पर्दछ ।

८. संस्थाका प्रत्येक शंकास्पद क्रियाकलापका बारेमा, संचालक समितिकै बैठकमा, लेखा समितिमा सम्बन्धित जिल्ला संघ, सम्बन्धित डिभिजन सहकारी कार्यालयमा लिखित उजुरी दिनुपर्दछ । साधारण सभा लगायतका सहकारी संस्थाका प्रत्येक व्यवस्थापकीय अंगमा निर्णयका लागि पेश गरिएका प्रस्तावहरू सबै ठिक र उपयुक्त नहुन सक्छन्, बुझ्रेर ठीक भए मात्र स्वीकार गर्नुपर्छ ।

९. माथि उल्लेखित विभिन्न विषयमा चासो राखेर छलफल अन्तर्क्रिया समेत गर्नु पर्दछ । अन्यथा तपाईको बचत, शेयर, व्यक्तिगत योगदान समेत डुब्न सक्छ । संस्थाका प्रत्येक सदस्यको क्रियाशील सहभागिताले संस्थामा नियन्त्रण र सन्तुलनको काम मात्र गर्दैन, संस्थाको उन्नतिका साथै आÇनो समेत उन्नति हुने कुरामा शंका रहँदैन ।

९. सहकारी संस्थाले पालना गर्नुपर्ने मुख्य मुख्य विषयहरू

हाल प्रचलित सहकारी ऐन २०४८ को दफा ५(१) ले सहकारी सिद्धान्तहरूलाई समेटेको हुनाले विभागबाट समय समयमा सहकारीका मूल्य एवं सिद्धान्तका आधारमा नीतिगत निर्णयहरू गरी सार्वजनिक गरिएको विषयहरूलाई संस्थाले अनिवार्य रुपमा पालना गर्नुपर्दछ । त्यस अतिरिक्त संस्थाहरूले पालना गर्नु पर्ने मुख्य मुख्य विषयहरूलाई निम्नानुसार उल्लेख गरिएको छ:-

१. इमान्दारिता, पारदर्शिता, सामूहिक सहभागिता, सहअस्तित्व र प्रजातान्त्रिक पद्धति सहकारी संस्था सञ्चालनका मूल आधार भएकाले संस्था सञ्चालनमा ती पक्षलाई आत्मसात गर्नुपर्दछ ।

२. सहकारी संस्थाहरू सदस्य केन्द्रीत हुन्छन् । अतः संस्थाहरूले आÇनो व्यवसायलाई सदस्य केन्द्रीत तुल्याई सदस्यसँग मात्र कारोवार गर्न पाउँछ र गैह्र सदस्यसँग कारोवार गर्न पाउँदैन । त्यसैले सहकारिताको यस मूल मर्मलाई मनन गरी संस्था सञ्चालन गर्नुपर्दछ ।

३. सहकारी संस्थामा सदस्यहरू स्वयं उपस्थित भई कारोवार गर्नुपर्ने हुनाले सहकारी संस्थाको कार्यक्षेत्र सदस्यहरूको सहज पहुँचका आधारमा तय गरिनु पर्दछ । हाल सहकारी विभागले सामान्यतः संस्थाको कार्यक्षेत्र निम्न बमोजिम हुने गरि सीमावद्ध

गरेको छ ।

- भौगोलिक अवस्था हेरी गा.वि.स. भए जोडिएका ५ गा.वि.स.सम्म,
- नगरपालिका भए एक नगरपालिका,
- उप-महानगरपालिका वा महानगरपालिका भए जोडिएका ५ वडाहरू ।

४. सहकारी संस्था समुदायमा आधारित रही सञ्चालन गर्नु पर्ने हुँदा कुनै पनि संस्थाले शाखा खोली कारोवार गर्न पाउँदैन । सहकारी विभागबाट यस अघि शाखा खोल्न दिइएको स्वीकृतिका आधारमा शाखा खोलीसकेका शाखाहरुलाई समेत स्थानीयकरण गर्न र नयाँ शाखा नखोल्न सबै संस्थाहरूलाई निर्देशन दिइएको छ ।

५. संस्थाले विनियम बाहेक आÇनो कारोवार गर्न नियमहरू बनाई सोही बमोजिम लागु गर्नु पर्नेछ । जस्तो ऋण लगानी तथा असुली नियम, आर्थिक तथा प्रशासनिक नियम आदि ।

६. आम्दानीको अनुपातमा प्रशासनिक खर्च सिमित गर्ने । संस्थाको आम्दानीले धान्न नसक्ने गरी कर्मचारी नियुक्ति र तलव, भत्ता खर्च प्रदान नगर्ने ।

७. संस्थाले आÇना सदस्यहरू बीच मात्र कारोवार गर्नुपर्ने हुनाले उचित ब्याज दर निर्धारण गर्ने साथै लोभलाग्दो र प्रचलित व्याजदरमा अपत्यारीलो ब्याजदर राखी भड्किलो विज्ञापन गर्नु हुँदैन ।

८. लगानी गर्दा पर्याप्त सुरक्षणको व्यवस्था गर्ने । संस्थामा आवश्यक तरलता कायम गरेर मात्र लगानी गर्ने ।

९. संस्थाको शेयर पूँजी र आर्थिक क्षमता विश्लेषण गरेर मात्र आÇनो लगानी गर्ने ।

१०. संस्थाले सदस्यलाई शेयरपूँजी र बचतको रकम जोडी हुन आउने रकमका अनुपातमा मात्र ऋण लगानी गर्ने ।

११. निर्णय गर्दा संस्थाको सामान्य कारोवार बाहेकका विषयहरूमा साधारण सभाबाटै निर्णयहरू गर्ने ।

१२. संचालक समितिले संस्थालाई असर पर्ने कुनै निर्णय गरी साधारण सभामा अनुमोदनका लागि पेश गरेमा साधारण सभाले त्यस्तो निर्णयको अनुमोदन गर्नु हुदैन । अन्यथा संचालक समिति स्वेच्छाचारी हुन जान्छ ।

१३. संस्थाले व्याजदर निर्धारण गर्दा प्रचलित बजार दरका आधारमा परिमार्जन गर्नुपर्छ अन्यथा पूँजीको सही लगानी हुन सक्ने वातावण बन्दैन । संस्थाले बढी व्याजदर प्रदान गरेर सदस्यको भलाई गरेको ठहर्दैन । सदस्यलाई व्यवसाय उन्मुख गराउन सहयोग गर्नुपर्दछ । आकर्षक व्याजदर तोकी विज्ञापन गरेर रकम संकलन गरी पूँजीको उपयोग हुन नसक्ने अवस्थाले संस्थालाई नराम्रो असर पार्दछ । त्यसैले चलन चल्तिको भन्दा बढी ब्याजदर साधारण सभाले पारित गर्नु हुदैन ।

१४. पूँजिमा न्यूनतम ब्याज सहकारीको स्थापित मान्यता नै हो । सहकारीले ब्याज, हर्जाना, सेवा शुल्क आदि भनेर सदस्यसँग चर्को ब्याज असूल गर्ने प्रयास गर्नु हुँदैन ।

१५. सहकारीमा 'संस्थापक संचालक सदस्य' को व्यवस्था नभएकाले कुनै संस्थाले संस्थापक मध्येबाट संचालक सदस्यताको व्यवस्था गरेको भए त्यस्तो व्यवस्थालाई साधारण सभाबाट खारेज गरी सम्बन्धित डिभिजन सहकारी कार्यालयमा स्वीकृतिका लागि पठाउनु पर्दछ ।

१६. प्रत्येक संस्थाले वार्षिक रुपमा अनिवार्य रुपमा लेखापरीक्षण र साधारण सभा गराउनु पर्छ ।

१७. सबै सहकारी संस्थाहरूले जिल्ला सहकारी संघको सदस्यता लिने र जिल्ला सहकारी संघहरूले पनि सबै प्रकृतिका संघ सस्थाहरूलाई सदस्यता प्रदान गर्न विभिन्न बाधा अड्चन देखाई सरल रुपमा सदस्यता प्रदान नगर्ने प्रवृत्तिलाई हटाउने ।

१८. संचालक समितिले सदस्यहरूको बचत संकलन गरी फजुल खर्च गरेको रहेछ भने त्यस्तो फजुल खर्च संचालक समितिका सदस्यहरूबाट असुल उपर गर्न साधारण सभाबाटै निर्णय गर्ने ।

१९. कुनै पनि संघ संस्थाले सम्बन्धित व्यक्तिको लिखित स्वीकृति र साधारण सभाको निर्णय नभई कसैलाई पनि सल्लाहकारमा नियुक्ती नगर्ने ।

२०. प्रारम्भिक सहकारी संस्थाको नाम एकै जिल्लामा एउटै हुनुहुँदैन । साथै संस्थाको नाममा फाइनान्स, इन्भेष्टमेन्ट जस्ता शब्द राख्नु हुदैन । यसैगरी कुन कार्यप्रकृतिको संस्था हो सो नखुलाई नामाकरण गर्नु हुँदैन (जस्तै जनमूखी सहकारी संस्था लि., दुध उत्पादक सहकारी संस्था लि.) । यस अघि विषय प्रकृति उल्लेख नगरी सहकारी संस्था लि., वा साना किसान सहकारी संस्था, महिला उत्पादन सहकारी संस्था आदिमात्र नामाकरण गरी दर्ता भएका संस्थाले आÇनो संस्थाको विषय प्रकृति उल्लेख गरी नाम संशोधनका लागि साधारण सभाबाट पारित गराई सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पेश गर्ने ।

२१. संचालकहरूको फोटो सहितको तीन प्रति विवरण दुई प्रति तयार गरी एक प्रति संस्थामा राखी अर्को प्रति डिभिजन सहकारी कार्यालयमा पठाउने ।

२२. निर्वाचन हुनासाथ संचालकहरूको विवरण अनिवार्य रुपमा पेश गर्ने व्यवस्था मिलाउनु पर्दछ । त्यस्तो विवरण एक प्रति संस्थामा राख्ने र एक प्रति सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पठाउने ।

२३. एकल उद्देश्यका सहकारी संस्थाले विनियम संशोधन स्वीकृत नभई अन्य कार्य नगर्ने (जस्तै वचत तथा ऋण सहकारी संस्थाले ज्इगक्ष्ल्ग (घर जग्गा व्यवस्था) को कार्य नगर्ने) ।

२४. नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त सहकारी संस्थाहरूले सहकारी विभागको अतिरिक्त नेपाल राष्ट्र बैंकको निर्देशन समेत पालना गर्ने । अन्यको हकमा सहकारी विभागले निर्धारण गरेका शर्तहरूको पालना गर्ने ।

२५. बहुप्रकृतिको संस्था दर्ता गरी एक प्रकृतिको कार्यमात्र गर्नु ऐनको व्यवस्थाको प्रतिकूल हुन्छ । जस्तै बहुउद्देश्यीय संस्था दर्ता गरी बचतको मात्र कारोवार गर्न

मिल्दैन ।

२६. संस्थाको सञ्चालक सदस्य र कर्मचारी एउटै व्यक्ति हुनुहुँदैन । संस्थाको संचालकले कर्मचारीको समेत कार्य गरी सो बापत तलब लिन पाउँदैन । तर साधारण सभाले निर्णय गरे बमोजिमको संचालक समितिको बैठक भत्ता लिन भने कुनै बाधा हुदैन ।

२७. विभागीय निर्णय अनुसार जोडिएका ५ गा.वि.स.सम्म कार्यक्षेत्र राख्न पाइने भएपनि संस्थाले एकै पटक ठूलो कार्यक्षेत्र नराख्ने । शुरुमा बढीमा एक गा.वि.स. सम्म कार्यक्षेत्र राखेमा संस्था व्यवस्थापन गर्न सहज भई सफलता तर्फ ढल्किन सक्छ । ‘एक गाउँ एक सहकारी’ को अवधारणा कतिपय ठाउँमा प्रचलनमा पनि छ ।

१०. सहकारी संस्था दर्ता कसरी गर्ने ?

१०.१ प्रथम प्रारम्भिक भेला

प्रस्तावित प्रारम्भिक सहकारी संस्थाले समेटेको कार्यक्षेत्र भित्र बसोबास गर्ने सहकारी ऐन अनुसार योग्यता पुगेका कम्तीमा २५ जना व्यक्तिहरू मिली, स्वयं उपस्थिति भई उपस्थित मध्ये कसैको अध्यक्षतामा पहिलो पटक प्रारम्भिक भेला गरी निम्न विषयमा प्रस्ताव राखी निर्णय गर्नुपर्दछ :-

- संस्था खोल्ने विषयमा,
- संस्थाको नाम, ठेगाना सम्बन्धमा,
- कार्यक्षेत्र निर्धारण गर्ने विषयमा,
- संस्थाको उद्देश्य र कार्यहरू सम्बन्धमा,
- प्रति शेयर रकम र प्रवेश शूल्क निर्धारण सम्बन्धमा,
- संस्थाको तदर्थ सञ्चालक समितिको गठन (निर्वाचन) सम्बन्धमा,
- प्रस्तावित संस्थाको विनियम बनाउने सम्बन्धमा,
- शेयर र प्रवेश शुल्क बापत रकम उठाउने र जिम्मा दिने सम्बन्धमा,
- कार्ययोजना बनाउने विषयमा,
- अन्य विविध विषयमा ।

माथि उल्लेखित प्रस्तावहरूका विषय मध्ये केही महत्वपूर्ण विषयहरूको सम्बन्धमा तल स्पष्ट गरिएको छ ।

**तदर्थ सञ्चालक समितिको गठन** - उपस्थित व्यक्तिहरू मध्येबाट आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र अन्य पाँचजना सदस्य रहने गरी नौ जना सम्मको तदर्थ सञ्चालक समिति गठन गर्ने ।

*१०.१.१ विनियम बनाउने*

प्रस्तावित प्रारम्भिक सहकारी संस्था लि.को ३ प्रति विनियम बनाउनु पर्दछ । विनियम तथा नियमावली बनाउनको लागि विनियम मस्यौदा समिति पनि बनाउन सकिन्छ ।

समिति बनाउन सम्भव नभएमा सभाको सदस्य मध्ये कुनै सदस्यले मस्यौदा बनाई सभामा पेश गर्न सक्नेछ । विनियम बनाउँदा निम्न अनुसार गर्नुपर्दछ ।

१. मस्यौदा समिति वा कुनै सदस्यले तयार पारी सभामा प्रस्तुत गरेको मस्यौदालाई माथि उल्लेख गरिए बमोजिम भेलाबाट पारित गराई तदर्थ समितिका सम्पूर्ण सदस्यहरूले ३ प्रति विनियमको अन्तिम पानामा र तदर्थ समितिको अध्यक्ष र एकजना सञ्चालकले प्रत्येक पृष्ठको शिर र पुछारमा दस्तखत गर्नुपर्दछ ।

२. संस्थाको नाम अन्य सहकारी संस्थाका नामसँग नदोहोरिने गरी प्रस्तावित गर्नुपर्दछ ।

३. संस्थाको उद्देश्य र कार्यहरू स्पष्ट र छुट्टाछुट्टै हुनुपर्छ । कार्यलाई उद्देश्यमा राख्ने र उद्देश्यलाई कार्यमा राख्ने गर्नुहुँदैन । उद्देश्य संस्थाको कार्य प्रकृति अनुसार छोटो र स्पष्ट हुनुपर्दछ । उक्त उद्देश्यहरू हासिल गर्ने प्रयोजनको लागि प्रत्येक उद्देश्य हासिल गर्न छुट्टाछुट्टै कार्यहरू स्पष्ट रुपमा लेख्नुपर्दछ । कार्य उल्लेख गर्दा उपरोक्त उद्देश्य अनुरुप आवश्यक अन्य कार्यहरू गर्ने आदि, इत्यादि लेख्नुहुँदैन । उद्देश्य हासिल गर्न आवश्यक कार्यहरू विनियम बनाउँदा नै पूरा उल्लेख गर्नुपर्छ । आÇनो संस्थाको उद्देश्य भन्दा बाहिर गएर कार्यहरू उल्लेख गर्नुहुँदैन ।

४. प्रस्तावित वचत तथा ऋण सम्बन्धी कारोवार मात्र गर्ने तथा वचत तथा ऋण सम्बन्धी कारोवार समेत अन्य कार्य गर्ने बहुउद्देश्यीय सहकारी संस्थाका लागि प्रस्तावित विनियममा आÇना सदस्यहरूबाट मात्र निक्षेप स्वीकार गर्ने र आÇना सदस्यलाई मात्र ऋण प्रदान गर्न सकिने व्यवस्था स्पष्ट रुपमा राख्नुपर्दछ ।

५. प्रस्तावित संस्थाको काम वचत तथा ऋणको कारोवार मात्र गर्ने रहेछ भने संस्थाको नामको पछाडी वचत तथा ऋण सहकारी संस्था लि. राखिएको हुनुपर्दछ । नामको पछाडी फाइनान्स, इन्भेष्टमेन्ट जस्ता शब्दहरू राख्नुहुँदैन ।

६. कुनै संस्था दर्ता गर्न जाँदा प्रस्तावित विनियमको उद्देश्य र कार्यहरूमा सकेसम्म एकल उद्देश्यका कार्य र सोसँग सम्बद्ध कार्यहरू मात्र उल्लेख गर्नुपर्दछ ।

७. संस्थाको नामबाट संस्थाको कार्यप्रकृति खुल्ने हुनुपर्दछ । एउटा मात्र उद्देश्य राख्नेले नाम बहुउद्देश्यीय राख्नुहुँदैन ।

८. वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको साथै अन्य प्रारम्भिक सहकारी संस्थाको कार्यक्षेत्र शुरुमा गाउँ विकास समितिमा भए जोडिएका बढीमा पाँचवटा गाउँ विकास समिति, नगरपालिका भए बढीमा उक्त नगरपालिका भरी, उपमहानगरपालिका, महानगरपालिका भए बढीमा जोडिएको पाँच वडाहरू कायम गर्नुपर्दछ । कार्यक्षेत्र राख्दा सकेसम्म सोही प्रकृतिको दर्ता भई सञ्चालनमा रहेको संस्थाको कार्यक्षेत्रलाई आÇनो कार्यक्षेत्रमा राख्नुहुँदैन ।

९. प्रस्तावित विनियममा निम्न विषयहरू अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्दछ ( सहकारी ऐन २०४८/सहकारी नियमावली २०४९)

विनियममा उल्लेख गर्नुपर्ने विषयहरू

| प्रस्तावित संस्थाको | २२.सञ्चालक समितिको गठन एवं |
|---|---|

१. नाम, ठेगाना,
२. कार्यक्षेत्र,
३. परिभाषा,
४. उद्देश्य,
५. कार्य,
६. सदस्यता,
७. सदस्यको लागि योग्यता,
८. प्रवेश शुल्क,
९. सदस्यताबाट राजीनामा,
१०. सदस्यको निष्काशन,
११. कोषको व्यवस्था,
१२. शेयर पूँजी,
१३. शेयरको प्रमाणपत्र,
१४. शेयरको हस्तान्तरण वा फिर्ता,
१५. दायित्व
१६. हकवालाको मनोनयन,
१७. हकदावी वा नामसारी,
१८. प्रारम्भिक साधारण सभा,
१९. साधारण सभा,
२०. विशेष साधारण सभा,
२१. साधारण सभाका कर्तव्य र अधिकार,
काम कर्तव्य र अधिकार
२३. सञ्चालकको पदमा बहाल रहन नसक्ने अवस्था,
२४. समितिको बैठक,
२५. अध्यक्षको काम, कर्तव्य र अधिकार,
२६. उप-समितिको गठन र कार्यविधि,
२७. लेखा समितिको गठन,
२८. लेखासमितिको काम, कर्तव्य र अधिकार
२९. व्यवस्थापकको नियुक्ति, काम कर्तव्य र अधिकार
३०. वचत वितरण,
३१. कोषको उपयोग
३२. संघ, संस्थाले राख्न पर्ने वहिखाता र किताबहरू
३३. वार्षिक हिसाब जाँच,
३४. निर्वाचन,
३५. मध्यस्थता सम्बन्धी व्यवस्था,
३६. विनियम संशोधन,
३७. विघटन,
३८. विविध ।

*१०.१.२ कार्ययोजना बनाउने*

सहकारी संस्था दर्ता गरी सके पछि विनियममा उल्लेख गरिएका उद्देश्य हासिल गर्न के कस्ता कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यको लागि कसरी पूँजी संकलन गर्ने, कारोवार कुन आधारमा गर्ने, सो उद्देश्य अनुसार कार्य गर्दा कति रकम खर्च लाग्दछ र संस्थालाई खर्च कटाई वार्षिक कति खुद वचत (नाफा) हुन्छ भन्ने व्यहोरा विस्तृत रुपमा स्पष्ट देखिने गरी प्रस्तावित कार्ययोजना बनाउनु पर्दछ ।

१०.२ दोस्रो प्रारम्भिक भेला

दोस्रो प्रारम्भिक भेलामा समेत घटिमा २५ जना उपस्थिति भई निम्न विषयमा गहन छलफल गरी एक मतले निर्णय गर्नुपर्दछ ।

१. मस्यौदा विनियम उपर छलफल गर्ने :

- विनियमको प्रस्तावना सम्बन्धमा,
- संस्थाको उद्देश्य र कार्यहरू सम्बन्धमा,

- विभिन्न कोषहरूमा रकम बाँडफाँड सम्बन्धमा,
- सदस्यहरूको जिम्मेवारी/जवाफदेही सम्बन्धमा,
- व्यवस्थापक/कर्मचारीहरूको जिम्मेवारी जवाफदेही सम्बन्धमा,
- संस्थाले सञ्चालन गर्ने विषय प्रकृति अनुसारको व्यवस्थापन सम्बन्धी विषयहरूमा,
- सञ्चालक समितिको काम कर्तव्य अधिकारले साधारण सभाको काम कर्तव्य अधिकारलाई कुण्ठित गरेको छ छैन भन्ने विषयमा,
- विनियममा उल्लेखित व्यवस्थाबाट संस्थाको उद्देश्य पूरा हुनसक्दछ/सक्दैन भन्ने विषयमा,
- मस्यौदा समिति वा कुनै सदस्यले तयार पारी सभामा प्रस्तुत गरेको मस्यौदालाई माथि उल्लेख गरिए बमोजिम सभाबाट पास गराई तदर्थ समितिका सम्पूर्ण सदस्यहरूले ३ (तीन) प्रति विनियमको अन्तिम पानामा र तदर्थ समितिका अध्यक्ष र एकजना सञ्चालकले प्रत्येक पृष्ठको शिर र पुछारमा दस्तखत गर्नुपर्दछ।

२. कार्ययोजनाको विषयमा छलफल गरी पारित गर्ने,
३. संस्था दर्ता गर्नका लागि आवश्यक परेका कार्य गर्न अधिकार प्रत्यायोजन गर्ने
४. संस्था दर्ता पश्चात् शेयर र प्रवेश शुल्क बापत उठेको रकम कुन बैंकमा खाता खोली जम्मा गर्ने र खाता सञ्चालन सम्बन्धमा,

१०.३ दर्ताका लागि आवश्यक कागजातहरू तयारी गर्ने

संस्था दर्ताका लागि अधिकार प्राप्त गर्ने व्यक्तिहरूले निम्न कागजातहरू संलग्न राखी संस्था दर्ताको लागि सहकारी नियमावली २०४९ को नियम ३ अनुसूची-१ मा दिइएको संलग्न नमूना बमोजिमको आवेदन तयार गरी सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूमा टिकट टाँस गरी आवेदन गर्नुपर्दछ।

१. प्रस्तावित संस्थाको सक्कलै विनियम ३ प्रति,
२. प्रस्तावित संस्थाको कार्ययोजना ३ प्रति सक्कलै, (कार्ययोजनाको अनुसूची-५ मा छ)
३. सभाले माथि लेखिएका विषयहरूमा गरेको निर्णयहरूको प्रमाणित प्रतिलिपि १ प्रति,
४. आवेदन गर्ने कम्तीमा २५ जना सदस्यहरूको विवरण, दस्तखत र सञ्चालकहरूको फोटो भएको संलग्न नमूनाको सदस्य दर्ता किताब (अनुसूची-४) र निजहरूको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू
५. प्रस्तावित सहकारी संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको आवेदन पत्र।
६. संस्था दर्ता सम्बन्धी कार्य गर्न गराउन अधिकार प्राप्त व्यक्तिहरूको दस्खत नमूना सहितको सक्कल अधिकार प्रत्योयजन पत्र (अनुसूची-२)

७. भेलाको निर्णय बमोजिम शेयर शुल्क र प्रवेश शुल्क बापत उठेको रकम बैंक जम्मा गरेको भौचरको प्रतिलिपि/वा कोषाध्यक्षले बुझिलिएको भए संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने प्रतिवद्धता सहितको सक्कल भरपाई,

८. नागरिकताको प्रमाणपत्रबाट सदस्य संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाणित नहुने भए सदस्यहरू संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेका प्रमाणपत्रका प्रतिलिपिहरू । प्रमाणपत्रमा संघ/संस्थाको कार्यक्षेत्र भित्रको स्थायी ठेगाना उल्लेख भएको हुनुपर्ने । जस्तै:

क) बसाई सराईको प्रमाण वा,

ख) विवाहदर्ताको प्रमाणपत्र वा,

ग) मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा मतदाता परिचय-पत्र वा

घ) सम्बन्धित क्षेत्र भित्र नेपाल सरकार वा संगठित संस्थामा स्थायी नियुक्ति भई काम गरिरहेको भए सोको प्रमाण वा

ङ) सम्बन्धित आवेदकको वा निजको एकाघर सगोलका परिवारको सदस्यको नाममा भएको घरजग्गाको लालपूर्जाको प्रमाणित प्रंतिलिपि ।

च) स्थायी व्यवसाय सञ्चालन गरिरहेको भए त्यसको प्रमाणित प्रतिलिपि ।

९. सदस्यलाई प्रदान गर्ने शेयर प्रमाण पत्र एक प्रति (नमूना अनुसूची-६ मा दिइएको छ)

(नियम ३ सँग सम्बन्धित)

श्रीमान् रजिष्ट्रारज्यू,
सहकारी विभाग मार्फत्
. . . . . . . . . . . कार्यालय

विषय :- संस्था वा संघको दर्ता ।

महोदय,
हामी देहायका व्यक्तिहरू/संस्थाहरू/संघहरू देहायका कुराहरू खोली देहायको संस्था/संघ दर्ता गरी पाउन निवेदन गर्दछौं । प्रस्तावित संस्था/संघको उद्देश्य अनुरुप संस्था/संघले तत्काल गर्ने कार्य सम्बन्धी योजना र प्रस्तावित संस्था/संघको विनियमको तीन प्रति पनि यसैसाथ पेश गरेका छौं ।

१. संस्था/संघ सम्बन्धी विवरणः
   क) प्रस्तावित संस्था/संघको नाम :
   ख) ठेगाना :
   ग) उद्देश्य :
   घ) कार्यक्षेत्र :
   ङ) दायित्व :
   च) कूल शेयर पूँजी :
   छ) बिक्री गर्ने शेयर संख्या र त्यसको जम्मा रकम :

द्रष्टव्य : संस्था वा संघले आÇनो ठेगाना हेरफेर गर्नु परेमा हेरफेर गरेको मितिले सात दिन भित्र त्यसको सूचना रजिष्ट्रार समक्ष पठाउनुपर्नेछ ।

. . . . . . . . . . . .          . . . . . . . . . . . .

*(दर्ताका लागि अधिकार प्राप्त अध्यक्ष, सदस्यको नाम र दस्तखत)*

अनुसूची-२

(अधिकार प्रत्यायोजनको नमूना)

श्रीमान् रजिष्ट्रारज्यू,
डिभिजन सहकारी कार्यालय ...

विषय : संस्था दर्ताका लागि अधिकार प्रत्यायोजन गरिएको ।

महोदय,

उपरोक्त विषयमा प्रस्तावित श्री . . . . सहकारी संस्था लि. . . . . . . . . गा.वि.स./न.पा. वडा नं. . . . . . जिल्लाको मिति . . . . . . मा बसेको दोस्रो प्रारम्भिक भेलाको निर्णयानुसार संस्था दर्ताका लागि विनियममा सामान्य थपघट सहित आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी सम्बन्धित रजिष्ट्रारको कार्यालयमा संस्था दर्ता गराउन निम्न नाम ठेगाना र दस्तखत भएका तदर्थ समितिका . . . . . र . . . . . . पदका पदाधिकारीहरूलाई अधिकार प्रत्यायोजन गरिएको छ ।

*अधिकार प्रत्यायोजन गरिएका व्यक्तिहरूको*

| | नाम | ठेगाना | पद | दस्तखत नमूना |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

आवेदक

| | |
|---|---|
| १. | १४. |
| २. | १५. |
| ३. | १६. |
| ४. | १७. |
| ५. | १८. |
| ६. | १९. |
| ७. | २०. |
| ८. | २१. |
| ९. | २२. |
| १०. | २३. |
| ११. | २४. |
| १२. | २५. |
| १३. | २६ |

## अनुसूची-३
(सदस्यता फाराम)

| क्र.सं. | बाबु वा आमाको नाम | पति वा पत्नीको नाम | आÇनो नाम | थर | उमेर | ठेगाना | पेशा | शेयर विवरण | | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | खरिद शेयर | शेयर रकम | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## सदस्य दर्ता किताब

## अनुसूची-४

(नियम २१ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

| सि.नं. | बाजेको नाम | बाबुको नाम | पति वा पत्नीको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | खरिद गरेको शेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |

सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

| सि.नं. | बाजेको नाम | बाबुको नाम | पति वा पत्नीको नाम | सञ्चालकको नाम | पद | ठेगाना | पेशा | निर्वाचित मिति | अवधि | रेखात्मक दस्तखत | फोटो र फोटोमा पर्ने गरी दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

कार्ययोजना

अनुसूची-५

(सहकारी संघ/संस्थाको कार्ययोजना)

सहकारी संघ/संस्थाको नाम :-

सहकारी संघ/संस्थाको ठेगाना :-

क) उद्देश्य :

१. ...............................................
२. ...............................................
३. ...............................................
४. ...............................................
५. ...............................................
६. ...............................................
७. ...............................................
८. ...............................................
९. ...............................................
१०. ...............................................

ख) कार्यहरू

१. ...............................................
२. ...............................................
३. ...............................................
४. ...............................................
५. ...............................................

. . . . ६. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
. . . . . .

७. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . ८. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
. . . . . .

९. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
. . . .

१०. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
. .

ग) उपर्युक्त कार्यहरूको लागि आवश्यक पूँजी :-

ग.१. स्थिर पूँजी :

१. जग्गा र भवन रु. . . . . . . . . . . .
२. मेशिनरी औजार रु. . . . . . . . . . . .
३. फर्निचर रु. . . . . . . . . . . .
४. अन्य सामान खुलाउने
क) . . . . . . . . . . . रु. . . . . . . . . . . .
ख) . . . . . . . . . . . रु. . . . . . . . . . . .
ग) . . . . . . . . . . . रु. . . . . . . . . . . .
घ) . . . . . . . . . . . रु. . . . . . . . . . . .
ङ) . . . . . . . . . . . रु. . . . . . . . . . . .
कूल स्थिर पूँजी रु. . . . . . . . . . . .

ग.२. चालू पूँजी :

१. कच्चा पदार्थ रु. . . . . . . . . . . .
२. बिक्रीको लागि उपभोग्य वस्तु (लागत मूल्य) रु. . . . . . . . . . . .
३. अन्य सामग्री रु. . . . . . . . . . . .
४. रु. . . . . . . . . . . .
५. रु. . . . . . . . . . . .
कूल चालु पूँजी रु. . . . . . . . . . . .

घ) पूँजीको स्रोत र रकम

१. सेयर पूँजी (रु. . . . . . . .) का दरले . . . .
(कित्ता र सेयर बिक्रीबाट) रु. . . . . . . . . . . .
२. बैंक ऋण रु. . . . . . . . . . . .
३. आन्तरिक पूँजी प्रवाह
(संकलित वचत, नाफा र जगेडा कोष) रु. . . . . . . . . . . .

४. सदस्यबाट प्राप्त निक्षेप र वचत रु. . . . . . . . . . . .

५. अन्य (खुलाउने) रु. . . . . . . . . . . .

रु. . . . . . . . . . . .

ङ) संस्थाको आय :

१. कमिशन (सामान बिक्रीबाट) रु. . . . . . . . . . . .

२. लाभ (उत्पादित वस्तुको बिक्रीबाट लागत मूल्य कटाई बाँकी) रु. . . . . . . . . . . .

३. प्राप्त व्याज (बैंक निक्षेपमा) रु. . . . . . . . . . . .

४. उप-उत्पादन बिक्रीबाट प्राप्त रु. . . . . . . . . . . .

५. सेवा शुल्क रु. . . . . . . . . . . .

६. प्रवेश शुल्क रु. . . . . . . . . . . .

७. अन्य (खुलाउने) रु. . . . . . . . . . . .

(क) रु. . . . . . . . . . . रु. . . . . . . . . . . .

(ख) रु. . . . . . . . . . . रु. . . . . . . . . . . .

(ग) रु. . . . . . . . . . . . रु. . . . . . . . . . . .

च) खर्चहरू

१. तलब रु. . . . . . . . . . . .

२. भत्ता रु. . . . . . . . . . . .

३. मसलन्द रु. . . . . . . . . . . .

४. प्रशासनिक खर्च रु. . . . . . . . . . . .

५. ऋणको व्याज रु. . . . . . . . . . . .

६. सम्पत्तिमा ह्रास कट्टि रु. . . . . . . . . . . .

७. मर्मत सम्भार रु. . . . . . . . . . . .

८. लेखापरीक्षण शुल्क रु. . . . . . . . . . . .

९. अन्य (केही भए खुलाउने)

(क) रु. . . . . . . . . . . रु. . . . . . . . . . . .

(ख) रु. . . . . . . . . . . रु. . . . . . . . . . . .

(ग) रु. . . . . . . . . . . . रु. . . . . . . . . . . .

रु. . . . . . . . . . . .

छ) खूद आय (वचत) :

१. आय रु. . . . . . . . . . . .

२. व्यय रु. . . . . . . . . . . .

३. वचत रु. . . . . . . . . . . .

रु. . . . . . . . . . . .

ज) प्रतिशत

१. कुल लगानीमा आय प्रतिशत . . . . . . . . . . .

२. कुल शेयर पूँजीमा आय प्रतिशत . . . . . . . . . . .

अनुसूची-६

(विनियमको दफा . . . सँग सम्बन्धित)

संस्था दर्ता नम्बर शेयर प्रमाणपत्र न..

श्री . . . . . . . . . सहकारी संस्था लि.

. . . न.पा./गाविस वडा नं. . . . . जिल्ला

परिचय पत्र नं. . . . . . शेयर कित्ता संख्या . . . . . .

शेयर प्रमाणपत्र

यस संस्थाको विनियम अनुसार शेयर क्रमसंख्या नं. . . . . . . . . देखि . . . . . . . . . . नं. सम्मको सेयर थान . . . . . . को प्रति शेयर रु. . . . . . . . का दरले हुन आउने जम्मा रु. . . . . . . . . . (अक्षरुपी रुपैया . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .) को शेयर श्री . . . . . . . . . . . . . . . . . . . . को पत्नि/छोरा/छोरी . . . . . . . . . जिल्ला . . . . . . . . . न.पा./गा.वि.स. वडा नं. . . . . . . . . . मा बसोबास गर्ने वर्ष . . . . . . को श्री . . . . . . . . . . . . . . . . . को नाममा दर्ता गरी संस्थाको छाप लगाएको यो प्रमाणपत्र प्रदान गरिएको छ।

मिति : . . . . . . . . . . व्यवस्थापक . . . . . . . . . सञ्चालक समिति अध्यक्ष . . . . . . . . .

नोट :- संस्थाको स्वीकृति लिएर मात्र यो शेयरको हस्तान्तरण गर्न सकिने छ।